# बेलबारी नगरपालिका
# नगर कार्यापालिकाको कार्यालय
## बेलबारी , मोरङ
## १ नं. प्रदेश नेपाल
## शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः२०७६।०९।१४

यस कार्यालयका लागि आवश्यक सवारी साधन (Singal cab pick up) खरीद प्रकृयाबाट आपुर्ति गराउनु पर्ने भएकोले ईच्छुक ईजाजतपत्र प्राप्त कम्पनी वा आधिकारीक बिक्रेता वा सप्लायर्सहरुबाट यस कार्यालयबाट स्वीकृत भएको स्पेशिफिकेशन तथा बोलपत्र कागजात संलग्न राखी निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१.ईच्छुक योग्यता पुगेका शिलबन्दी बोलपत्रदाताले सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरि रु.३००० (अक्षेररुपी तीन हजार) नगदै तिरी नगदी रसिदका साथ आ.ब. २०७६/०७७ को लागी नवीकरण भएको ईजाजत पत्र, स्थायी लेखा नम्बर तथा मु.अ.कर दर्ता प्रमाणपत्र र आ.ब. २०७५/०७६ को कर चूक्ता प्रमाणको प्रतिलिपी संलग्न राखी बोलपत्र यस कार्यालयबाट खरीद गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यलयमा दर्ता गराई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा नियमानूसार खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि उक्त बोलपत्र खोल्न वाधा पर्ने छैन।

३. बोलपत्र साथ तपसिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैक लि. वेलवारी शाखा स्थित धरौटी खाता नं. २४३०३०३००७१०३ मा दाखिला गरेको सक्कल भौचर वा कम्तीमा १२० दिन म्याद भएको बोलपत्र कागजातमा दिईएको नमुना अनूसारको शर्तहरु उल्लेख गरी मान्यता प्राप्त “क” बर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल बोलपत्र जमानत पेश गर्नुपर्नेछ ।

४. बोलपत्र भर्दा दररेट अंक र अक्षरमा स्पष्ट हुने गरि लेखु पर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५. रीत नपूगी वा म्याद नाघी आएका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

६. दर्ता भएका बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र पेश गर्दा बोलपत्रदाताको पत्राचार ठेगाना, सम्पर्क फोन नं.ईमेल, स्पष्टसँग लेखु पर्नेछ ।

८. बोलपत्र पेश गर्दा खामको बाहिर माथि कामको विवरण लेखि तल यस कार्यालयको नाम लेखु पर्नेछ । लाहाछापा नगरि पेश गरेको शिलबन्दी बोलपत्र स्वीकार गरिने छैन ।

९. बोलपत्रदाताले सप्लाई गर्ने सामाग्रीहरु बोलपत्र साथ संलग्न स्पेसिफिकेसनमा उल्लेख भएका शर्त अनुसार हुनु पर्नेछ।

१०. खरीद कारबाहीमा भाग लिन अयोग्य छैन भन्ने सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २ को (ङ) बमोजिमको बोलपत्रदाताले स्वः घोषणपत्र पेश गर्नु पर्नेछ ।

११. आधिकारिक सेल्स एजेन्ट वा डिलर बोलपत्रदाताका सम्बन्धमा उत्पादनकर्ता वा प्रिन्सिपल कम्पनी आफैले एजेन्सी सम्बन्धी वा डिलरसिप सम्बन्धि आधिकारिक पत्र प्रदान गरेको हुनु पर्नेछ र सो कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

१२. यस सम्बन्धि अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिनेछ वा यस कार्यालयको वेभसाईट www.belbarimun.gov.np मा समेत हेर्न सकिनेछ ।

१३. बोलपत्र खरीद र दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन खरीद तथा दर्ता गरिनेछ ।

१४. यस सुचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियामवली २०६४ तथा प्रचलित अन्य कानून बमोजिम हुनेछ ।

**तपिशल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम रु. मु.अ.कर समेत | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | BM/MOR/G/NCB 04-2076/77 | Singal Cab Pick up upto 2500cc | २१५००००.०० | ६४५००.०० | ३००० |

प्रमुख प्रशासकीय अधिकृत